

**के तपाईको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २९५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ मंसिर ८ गते बिहीबार ❑ 24 Nov. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## लोकप्रिय मतसहित छैटौँ पटक एमाले अध्यक्ष ओली संसद् प्रवेश

रासस

काठमाडौं, ७ मंसिर

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले झापा-५ बाट प्रतिनिधिसभा सदस्यमा लोकप्रिय मतसहित फराकिलो मतान्तरले विजयी भएर छैटौँ पटक संसद्मा प्रवेश गर्नुहुने भएको छ।

अध्यक्ष ओलीले यसअघि २०४८, २०५१, २०५६, २०७० र २०७४ मा संसद्मा रहेर महत्वपूर्ण जिम्मेवारी निर्वाह गरिसक्नुभएको छ । अब उहाँले छैटौँ पटक प्रतिनिधिसभा सदस्यका रुपमा सङ्घीय संसद्मा प्रवेश गर्नुहुनेछ।

अध्यक्ष ओलीले ५२ हजार तीन १९ मत प्राप्त गरी जीत हासिल गर्नुभएको हो। उहाँका निकटतम प्रतिस्पर्धी खगेन्द्र अधिकारीले २३ हजार सात सय ४३ प्राप्त गर्नुभयो । अध्यक्ष ओली २८ हजार पाँच सय ७६ मताअन्तरले जित हासिल गर्नुभएको हो। दमक नगरपालिका-१०, झापा स्थायी ठेगाना भई हाल भक्तपुरको बालकोट निवासी पूर्वप्रधानमन्त्री ओली बाबु मोहनप्रसाद ओली र आमा स्व मधु ओलीको सन्तानको रुपमा २००८ फागुन ११ गते जन्मिनुभएको हो।



एमाले अध्यक्ष ओलीले २०२५ सालदेखि पूर्णकालीन राजनीतिक यात्राको आरम्भ गर्नुभएको थियो । विसं २०२ ९ मा झापा आन्दोलनपछि १४ वर्ष जेल जीवन व्यतित गर्नुभएको थियो । उहाँ २०४४ सालपछि पुनः पार्टी गतिविधिमा सक्रिय हुनुभएको थियो । पूर्वप्रधानमन्त्री ओलीले २०४६ सालमा तत्कालीन नेकपा (माले) को लुम्बिनी प्रमुख भएर काम गर्नुभएको थियो । त्यस्तै, २०४७ सालमा प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्घको संस्थापक अध्यक्ष भएर काम गर्नुभयो । पूर्वप्रधानमन्त्री ओली २०४७ सालमा नेकपा (एमाले) को स्थायी समिति सदस्य बन्नुभएको थियो।

ओली २०७१ सालमा एमालेको अध्यक्ष बन्नुभएको थियो भने २०७५ सालमा एमाले र तत्कालीन माओवादी केन्द्रको एकीकरणपछि नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को अध्यक्ष बन्नुभएको थियो। एमाले अध्यक्ष ओलीले २०४८, २०५१ र २०५६ सालमा झापा-६ बाट निर्वाचित भई संसदीय दलको उपनेतासम्मको जिम्मेवारी निर्वाह गर्नुभएको थियो । संविधानसभा सदस्य निर्वाचन २०७० मा झापा-७ बाट निर्वाचित भई उहाँले संविधान निर्माणमा महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुभएको थियो। ओली सङ्घीय संसद् प्रतिनिधिसभा सदस्य निर्वाचन २०७४ मा झापा ५ बाट निर्वाचित हुनुभएको थियो भने अहिले उहाँ झापा-५ बाट विजय हुनुभएको छ । एमाले अध्यक्ष ओलीले २०७२ र २०७४ मा गरी दुईपटक प्रधानमन्त्रीको जिम्मेवारी सम्हाल्नुभएको छ । उहाँले त्यसअघि, उपप्रधान एवं परराष्ट्रमन्त्री २०६३ सालमा र २०५१ सालमा गृहमन्त्रीको कार्यभार सम्हाल्नु भएको थियो।

पाँच दशकदेखि राजनीतिमा सक्रियरूपमा रहनुभएका एमाले अध्यक्ष ओली तत्कालीन नेकपा (माले) का संस्थापक नेतामध्ये एक हुनुहुन्छ । दोस्रो पटक मुलुकको कार्यकारी नेतृत्वमा रहनुभएका उहाँ स्पष्ट अडान राख्ने नेताका रूपमा पनि परिचित हुनुहुन्छ। उहाँलाई युनिभर्सिटी फर पिस (कोस्टारिका), कोरियाको काइनाम विश्वविद्यालय, भारतको जीबी पन्त युनिभर्सिटी अफ एग्रिकल्चर एण्ड टेक्नोलोजीले मानार्थ विद्यावारिधि उपाधि प्रदान गरेका छन् । अध्यक्ष ओलीको विकास र राजनीतिक दृष्टिकोण समेटिएको पुस्तकसमेत प्रकाशित छ।

## स्याङ्जा २ को मतगणना अनिश्चित, आयोगको निर्णय पर्खिदै

पोखरापत्र संवाददाता

वालिङ, ७ मंसिर

मङ्सिर ४ गते निर्वाचन सम्पन्न भए पनि आजसम्म स्याङ्जा क्षेत्र नं २ को मतगणना हुन सकिरहेको छैन।

वालिङस्थित निर्वाचन अधिकृतको कार्यालयमा सर्वदलीय बैठक बसे पनि दलहरूबीच सहमति जुट्नाको साटो आ-आफ्नै अडानमा रहेकाले मतगणना सुरु हुन नसकेको हो । निर्वाचन अधिकृतको कार्यालयमा सबै मतदान केन्द्रबाट मतपेटिकाहरू ल्याई सुरक्षित राखिएको स्याङ्जा क्षेत्र नं २ का निर्वाचन अधिकृत रामचन्द्र शर्माले बताउनुभयो । लोकतान्त्रिक वाम गठबन्धनले तत्काल मतगणना सुरु गर्न दबाब दिइरहेको छ भने नेकपा (एमाले)लगायत दलहरूले पुनः मतदानको माग गर्दै दबाब दिइरहेका छन् । "सर्वदलीय बैठकमा सहमति नजुटेपछि यहाँको परिस्थितिबारे निर्वाचन आयोगमा लेखेर पठाएका छौँ", उहाँले भन्नुभयो, "हामीले सहमतिका लागि प्रयास गर्‍यौं तर निष्कर्षमा पुग्न सकेनौं अब आयोगको निर्णयको पर्खाइमा छौं, त्यहाँबाट जे जस्तो निर्णय आउँछ सोही प्रक्रियाअनुसार अगाडि बढ्छौं ।" नेपाली कांग्रेसले स्याङ्जाको चापाकोट नगरपालिका-३, ४ र ५ का चारवटा मतदान केन्द्रमा बुथ कब्जा गरी धाँधली गरेको आरोप एमालेले लगाउँदै ती ठाउँमा पुनः मतदान गर्नुपर्ने माग गरेको छ। कांग्रेस भने विधिसङ्गत प्रक्रिया पूरा भएर निर्वाचन कार्यालयमा सुरक्षित आएको जनताको अभिमतलाई सम्मान गर्दै तत्काल मतगणना गरेर निकास निकाल्नुपर्ने अडानमा छ।

एमालेलगायत दलहरूले पुनः मतदानको माग गर्दै सडकमा विरोध प्रदर्शन जारी राखेका छन्। कांग्रेसले पनि मतगणना गर्नुपर्ने माग राख्दै निर्वाचन अधिकृतको कार्यालय अगाडि वालिङमा धर्नामा बसेको छ । कांग्रेसका कार्यकर्ताहरू रातभरि नै सडकमै बसेका थिए। दुवै पक्षले निर्वाचन अधिकृतको कार्यालयमा धर्ना दिएपछि सम्भावित घटनालाई दृष्टिगत गर्दै सुरक्षा व्यवस्था कडा पारिएको छ।

## कास्की १ (२) मा एमालेका गुरुङ विजयी

पोखरापत्र संवाददाता

पोखरा, ७ मंसिर

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन २०७९ अन्तर्गत कास्की-१(२) मा नेकपा (एमाले)का उम्मेदवार वेदबहादुर गुरुङ विजयी हुनुभएको छ।

पोखरा-१२ पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको हलमा आज सम्पन्न मतगणनामा एमालेका गुरुङले १२ हजार छ सय ६१ मत ल्याएर गण्डकी प्रदेशसभामा विजयी हुनुभएको हो । उहाँका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका दीपक गुरुङले ११ हजार सात सय ९४ मत ल्याउनुभयो ।



राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का महेन्द्रबहादुर कार्कीले तीन हजार छ सय ५६ र हाम्रो नेपाली पार्टीका महेश श्रेष्ठले एक हजार पाँच सय ४९ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

यसैगरी मङ्गोल नेशनल अर्गनाइजेशनका ख्यामबहादुर गुरुङले चार सय ५८, जनता समाजवादी पार्टीका हर्कबहादुर गुरुङले तीन सय ६२, नेपाल कम्युनिष्ट पार्टी माओवादी समाजवादीका गौमती गुरुङले एक सय एक मत ल्याउनुभएको छ। सो क्षेत्रको प्रतिनिधिसभाको मतगणना जारी छ । पछिल्लो गणनाअनुसार प्रतिनिधिसभामा नेकपा (एमाले)का मनबहादुर गुरुङ अग्रता बनाउनुभएको छ।

## बागलुङ १ मा चित्रबहादुर केसी विजयी

पोखरापत्र संवाददाता

बागलुङ, ७ मंसिर

बागलुङ निर्वाचन क्षेत्र नं १ मा राष्ट्रिय जनमोर्चाकाअध्यक्ष चित्रबहादुर केसी विजयी हुनुभएको छ। वाम लोकतान्त्रिक गठबन्धका साझा उम्मेदवार केसी दुई हजार ६ सय २६ मतले नेकपा (एमाले)का सूर्य पाठकलाई पराजित गर्नुभएको छ।

केसीले ५४ हजार सात सय ११ मतमध्ये २१ हजार चार सय ५१ मत प्राप्त गरेर विजयी हुनुभएको मुख्य निर्वाचन अधिकृत डा दिवाकर भट्टले जानकारी दिनुभयो । एमालेका पाठकले १८ हजार आठ सय २५ र राष्ट्रिय स्वतन्त्र पार्टीका खिमानन्द कँडेलले नौ हजार एक सय ८१ मत प्राप्त गर्नुभएको छ । उमेरले ८० वर्ष पुग्नुभएका केसीको राजनीतिक जीवनमा धेरै उतारचढाव रहयो । विसं २०५६ र २०६४ को चुनावमा प्रत्यक्ष निर्वाचित हुनुभएका केसी २०७० को संविधानसभा निर्वाचनमा समानुपातिक तर्फबाट सांसद बन्नुभएको थियो । केसीको यो चौथो पटकको संसद यात्रा हो। विसं २०५१ सालको आम निर्वाचनमा केसी बागलुङ क्षेत्र नं २ बाट प्रतिनिधिसभाको सदस्यको उमेदवार भए पनि उहाँ पराजित हुनुभयो । त्यसपछि २०५६ सालको संसदीय निर्वाचनमा उहाँ यही क्षेत्रबाट संसद चुनिनुभयो । तत्कालीन समयमा उहाँले नेपाली कांग्रेसका गोपाल सापकोटालाई पराजित गर्नुभएको थियो । विसं २०६४ को संविधानसभा सदस्यमा केसीले नेपाली कांग्रेसका मणिभद्र शर्मा कँडेललाई पराजित गरेर निर्वाचित हुनुभएको थियो । केसीले २०७४ सालमा भने चुनाव लड्नुभएन ।



केसी २०७२ साल कात्तिक १९ मा ७५ वर्षको उमेरमा उपप्रधानमन्त्री एवं सहकारी तथा गरिबी निवारण मन्त्री बन्नुभएको थियो। राजनीतिक भाषण तथा अन्तर्वार्तामा उखान टुक्का मिसाएर बोल्ने उहाँको शैली मन पराउनेको सङ्ख्या धेरै छ। केसीले राजनीतिक यात्रामा १९ वर्ष भूमिगत जीवन बिताउनुभएको छ । उहाँले९ महिना जेल जीवन बिताउनुभएको थियो।

## आन्तरिक राजस्व कार्यालय पोखराको राष्ट्रिय कर दिवस तथा कर सप्ताह कार्यक्रम

पोखरापत्र संवाददाता

पोखरा, ७ मंसिर

आन्तरिक राजस्व कार्यालय पोखराले बिभिन्न कार्यक्रमहरूको आयोजना गरी एघारौं राष्ट्रिय कर दिवस -२०७९ सम्पन्न गरेको छ। 'स्वेच्छिक सहभागिता सहितको फराकिलो कराधारः दिगो र उत्पादनमुखी अर्थतन्त्रको आधार' भन्ने मूल नारा सहित बुधबार एक कार्यक्रमका बिच राष्ट्रिय कर दिवस तथा कर सप्ताह सम्पन्न भएको छ।

कार्यक्रममा बोल्दै जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी टेक बहादुर के.सी.ले कर प्रशासनलाई व्यवसायीमैत्री बनाउनुर्पनेमा जोड दिनुभयो । यसैगरी कार्यक्रममा आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत रमेश शर्माले कर प्रशासनलाई अझ मैत्रीपूर्ण बनाउँदै लगिने बताउनु भयो। प्रमुख कर अधिकृत शर्माले कर प्रशासन र करदाताबिचको सम्बन्धमा थप सुदृढ बनाउँदै करको दायरा बढाउने बताउनु भयो।



कार्यक्रममा उत्कृष्ट करदाताहरूलाई सम्मान गरिएको छ । सम्मान हुनेहरूमा सेवा तर्फ यार्सा ल्याब्स प्रा. लि, व्यापार तर्फ अटोवेज प्रा. लि, कर्माचार्य बेक्स एण्ड फुड्स प्रा.लि. रहेका छन् । यसै गरी कार्यालयले नायब सुब्बा छाया भट्टराईलाई सम्मान गरेको छ । कार्यक्रममा प्रमुख कोष नियन्त्रक रामजी प्रसाद शर्मा, प्रमुख मालपोत अधिकृत श्री राजेन्द्र पौडेल लगायतको उपस्थिति रहेको थियो । सप्ताह कार्यक्रम अन्तरगत कार्यालयले प्रथम दिन मंसिर १ गते पहिलो सेवा लिन आउने करदातालाई सम्मान गरेको छ । यसैगरी कार्यालयले कर दिवसको अवसर पारेर कर शिक्षाका सामग्रीहरू ब्रोसर, पम्प्लेट करदाताहरूलाई वितरण गरेको छ। कार्यक्रमको अवसरमा उत्कृष्ट करदाता तथा कर्मचारीलाई सम्मान गरिएको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# मोरक्को र क्रोएसियाबीचको खेल बराबरी, जापानद्धारा जर्मनी पराजित

रासस
काठमाडौं, ७ मंसिर

कतारमा जारी फिफा विश्वकप फुटबल २०२२ अर्न्तगत बुधबार भएको समूह एफको खेलमा मोरक्को र क्रोएसियाबीचको खेल बराबरीमा सकिएको छ।

कतारको अल बायत स्टेडियममा भएको खेलमा मोरक्को र क्रोएसियाले गोलरहित बराबरी खेल्दै अङ्क बाँडेका छन्। निकै प्रतिस्पर्धात्मक बनेको खेलमा दुवै टोलीले गोलको अवसर पाए पनि त्यसको सदुपयोग गर्न नसक्दा खेल गोलरहित बराबरीमा सकिएको हो। यस बराबरीसँगै क्रोएसिया र मोरक्कोले समान एक/एक अङ्क जोडेका छन्। यसै समूहको अर्को खेलमा बेल्जियम र क्यानडाबीच बुधबारप्रतिस्पर्धा हुनेछ।बेल्जियमरक्यानडाबीचको खेल राति १२:४५ बजे सुरु हुनेछ।

यसैगरी कतारमा जारी फिफा विश्वकप फुटबल प्रतियोगितामा जापानले जर्मनीलाई पराजित गरेको छ। कतारको खालिफा अन्तर्राष्ट्रिय स्टेडियममा बुधबार भएको खेलमा जापान जर्मनीलाई २-१ गोल अन्तरले हराउँदै विजयी भएको हो। खेलमा सुरुआती अग्रता भने जर्मनीले लिएको थियो। खेलको ३३औँ मिनेटमा इल्के गुन्डोगानले पेनाल्टीबाट गोल गर्दै जर्मनीलाई १-० को अग्रता दिलाएका थिए। जापानी गोलकिपर शुइची गोन्डाले जर्मनीका डिफेन्डर डेभिडलाई पेनाल्टी क्षेत्रभित्र फउल गर्दै लडाएपछि जर्मनीले पेनाल्टी पाएको थियो। जसमा गुन्डोगानले गोल गर्न सफल भए। त्यस्तै खेलको दोस्रो हाफमा जापानले उत्कृष्ट पुनरागमन गर्‍यो। खेलको ७५ औँ मिनेटमा स्थापन्न खेलाडीका रूपमा मैदान प्रवेश गरेका जपानका खेलाडी रित्सु डोनले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए। मैदान प्रवेश गरेको चार मिनेटमै उनले गोल गरेका हुन्। त्यसपछि खेलको ८३ औँ मिनेटमा ताकुमा असानोले गोल गर्दै जापानलाई २-१ को जित दिलाए। यस नतिजासँगै समूह ई को जापानले ३ अङ्क जोडेको छ।

# कास्की-२(१) मा एमालेका कार्की विजयी

पोखरापत्र संवाददाता
पोखरा, ७ मंसिर



प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन-२०७९ अन्तर्गत कास्की-२(१) मा नेपाल कम्युनिष्ट पार्टी(एमाले) का उम्मेदवार भीमबहादुर कार्की विजयी हुनुभएको छ।

पोखरा सभागृहमा बुधबार बिहान सम्पन्न मतगणनामा एमालेका कार्कीले १० हजार पाँच सय ३१ मत ल्याएर गण्डकी प्रदेशसभामा विजयी हुनुभएको हो। उहाँका निकटतम प्रतिद्वन्द्वी राष्ट्रिय प्रजातन्त्र पार्टीका विजयबहादुर भण्डारीले पाँच हजार ८९३ मत ल्याउनुभयो।

नेकपा(माओवादी केन्द्र)का विश्वप्रकाश लामिछानेले पाँच हजार पाँच सय ४० र हाम्रो नेपाली पार्टीका चेतबहादुर महतले दुई हजार ५९२ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

यसैगरी मङ्गोल नेशनल अर्गनाइजेशनका पदमबहादुर गुरुङले चार सय ९३, स्वतन्त्र उम्मेदवारहरू दीपकप्रसाद पौडेल ७२, दुर्गाकुमारी शर्मा ४५ र निशा थापाले ३४ मत ल्याउनुभएको छ। सो क्षेत्रमा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र गरी आठ उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेका थिए। सो क्षेत्रको प्रतिनिधिसभाको मत गणना जारी छ। पछिल्लो गणनाअनुसार प्रतिनिधिसभामा नेकपा(एमाले)का विद्या भट्टराईले अग्रता बनाउनुभएको छ।

# पहिलो चौमासिकमा चार खर्ब ७७ अर्ब व्यापार घाटा

रासस
काठमाडौं, ७ मंसिर

चालु आर्थिक वर्ष २०७९/८० को पहिलो चौमासिक अवधिमा नेपालको वैदेशिक व्यापार घाटा रु चार खर्ब ७७ अर्ब ९१ करोड ७० लाख पुगेको छ।

भन्सार विभागले सार्वजनिक गरेको कात्तिक मसान्तसम्मको वैदेशिक व्यापारको तथ्याङ्कअनुसार नेपालले यो अवधिमा कूल रु पाँच खर्ब ८७ अर्ब ४६ करोड ५६ लाख बराबरको वैदेशिक व्यापार गरेको छ। जसमध्ये रु पाँच खर्ब ३२ अर्ब ६९ करोड १३ लाख बराबरको वस्तु तथा सेवा आयात गरेको तथा रु ५४ अर्ब ७७ करोड ४३ लाख बराबरको मात्रै निर्यात गरेको देखिन्छ। कूल वैदेशिक व्यापारमा आयातको हिस्सा ९० दशमलव ६८ र निर्यातको हिस्सा नौ दशमलव ३२ प्रतिशत बराबर हो।

विभागको तथ्याङ्कअनुसार गत आर्थिक वर्षको पहिलो चौमासिक अवधिको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा कूल वैदेशिक व्यापार १९ दशमलव ७९ प्रतिशतले घटेको छ। गत आर्थिक वर्षको पहिलो चौमासिक अवधिमा नेपालको कूल वैदेशिक व्यापार रु सात खर्ब ३२ अर्ब ४१ करोड ८६ लाख पुगेको थियो। त्यस्तै गत वर्षको तुलनामा चालु आर्थिक वर्षको पहिलो चौमासिकमा आयात १८ दशमलव शून्य आठ प्रतिशत र निर्यात ३३ दशमलव ३० प्रतिशतले घटेको छ।

प्रथम चौमासिकमा नेपालले छिमेकी मुलुक भारतसँग मात्र रु दुई खर्ब ८३ अर्ब ५८ करोड ९१ लाख व्यापार घाटा व्यहोरेको छ। यो अवधिमा नेपालले भारतबाट रु तीन खर्ब २२ अर्ब १८ करोड बराबरको आयात गरेको छ भने रु ३८ अर्ब ६० करोड बराबरको मात्रै निर्यात गरेको छ।

# तनहुँ-२ मा दोस्रो प्रयासमा भण्डारीलाई सफलता

पोखरापत्र संवाददाता
दमौली, ७ मंसिर



विसं २०७४ को निर्वाचनमा तनहुँ क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्य उम्मेदवार बन्नुभएका नेपाली कांग्रेसका नेता शङ्कर भण्डारी तत्कालीन वाम गठबन्धनका उम्मेदवार केदार सिग्देलसँग पराजित हुनुभएको थियो।

नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को गठबन्धनका उम्मेदवार सिग्देलसँग भण्डारी तीन हजार दुई सय ७९ मतान्तरले पराजित हुनुभएको थियो। एमालेका सिग्देलले ३२ हजार नौ सय २४ मत प्राप्त गर्दा भण्डारीले २९ हजार छ सय ४५ मत प्राप्त गर्नुभएको थियो।

पूर्व वनमन्त्री रहनुभएका भण्डारीले दोस्रो प्रयासमा सोही क्षेत्रको प्रतिनिधिसभा सदस्यमा जित हासिल गर्नुभएको छ। वाम-लोकतान्त्रिक गठबन्धनका साझा उम्मेदवार भण्डारीले ३० हजार छ सय चार मत प्राप्त गरी विजयी हुनुभएको हो। बुधबार बिहान सम्पन्न मतगणनाअनुसार भण्डारीले प्रतिस्पर्धी नेकपा (एमाले)का किरण गुरुङलाई पाँच हजार चार सय ७४ को मतान्तरले पराजित गर्नुभयो। गुरुङले २५ हजार एक सय ३० मत प्राप्त गर्नुभएको क्षेत्र नं २ निर्वाचन कार्यालयका निर्वाचन अधिकृत गोविन्द उपाध्यायले बताउनुभयो। निर्वाचनमा ६८ हजार एक सय ७३ मत खसेको थियो।

विसं २०२५ जेठ १० गते साविक पुर्कोट गाविस हाल भानु नगरपालिका-८ मा जन्मिनुभएका भण्डारी ठूलो दाइ छत्रराज भण्डारीको प्रेरणाबाट विद्यार्थीकालदेखि नै नेपाल विद्यार्थी सङ्घमा आबद्ध हुनुभएको थियो। विसं २०३६ को विद्यार्थी आन्दोलनमा सक्रियरूपमा सहभागी हुनुभएका भण्डारीले विसं २०४० मा एसएलसी उत्तीर्ण गरेपछि उच्च शिक्षाका लागि राजधानी जानुभएको थियो। विद्यार्थी राजनीतिमा सक्रियरूपमा सहभागी हुने क्रममा भण्डारी लौहपुरुष गणेशमान सिंहको नेतृत्वमा भएको जनआन्दोलनमा सहभागी हुनुभएको थियो। पार्टीको काममा सक्रिय रहेको अवस्थामा नै विसं २०४६ मा भण्डारी २९ दिन प्रहरी नियन्त्रणमा रहनुभएको थियो। नेविसङ्घको राजनीतिमा सक्रिय हुने क्रममा विसं २०४८ मा त्रिचन्द्र क्याम्पसमा नेविसङ्घको क्याम्पस एकाइ सभापति र २०४९ मा स्ववियु सभापति बन्न सफल भण्डारी विसं २०५३ देखि भने पार्टी राजनीतिमा सक्रिय हुनुभएको थियो। भण्डारी विसं २०५३ मा महाधिवेशन प्रतिनिधि बन्न सफल हुनुभयो। साथै भण्डारीले बालकृष्ण खाणको नेतृत्वमा गठन भएको तरुण दलको केन्द्रीय सदस्यको जिम्मेवारी सम्हाल्नुभयो।युवाहरूमाझलोकप्रिय भण्डारी चितवनमा भएको तरुण दलको महाधिवशेनमा अध्यक्षका लागि चुनावी प्रतिस्पर्धामा उत्रनु भए पनि झिनो मतले पराजित हुनुभयो। पार्टीको १२ औँ महाधिवेशनमा केन्द्रीय सदस्यमा निर्वाचित भण्डारीले दुईपटक तरुण विभागको जिम्मेवारी सम्हाल्नुभयो। विसं २०७० को संविधानसभा निर्वाचनमा तनहुँ क्षेत्र नं १ बाट निर्वाचित भण्डारीले वन तथा भू-संरक्षणमन्त्रीको जिम्मेवारी सम्हालिसक्नुभएको छ। पार्टीको १३औँ र १४औँ महाधिवेशनबाट पनि भण्डारी केन्द्रीय सदस्यमा निर्वाचित हुनुभयो। भण्डारीले आगामी पाँच वर्षमा यस क्षेत्रको विकासका लागि सबै प्रकारका पूर्वाधार तयार पार्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। "हामीसँग विशाल फाँटहरू छन्, त्यहाँ बाह्रैमास सिँचाइ सुविधा पुर्‍याएर कृषिमा कम्तीमा आत्मनिर्भर बन्ने, उपयोगमा नआई खाली रहेका जमिनमा फलफूल, तरकारी, जडीबुटीलगायत कृषि उत्पादन वृद्धि गरी निर्यातसमेत गर्न पहल गरिनेछ", भण्डारीले भन्नुभयो।

आवश्यक विकासका पूर्वाधारहरू पहिचान गर्दै समन्वय र सहकार्यबाट विकास गरी यस क्षेत्रलाई नमूना बनाउन पहल गरिने भण्डारीले बताउनुभयो। "यस क्षेत्रमा सुविधासम्पन्न अस्पताल स्थापना गर्ने, यस क्षेत्रलाई तराईसँग जोड्ने द्रुतमार्ग निर्माण गर्ने, भिमादबाट पूर्व पश्चिम राजमार्ग जोड्ने सुरुङमार्गको सम्भाव्यता अध्ययन, औद्योगिक क्षेत्र स्थापना गर्न मेरो पहल रहनेछ", उहाँले भन्नुभयो। वर्षौँदेखि ओझेलमा परेका यहाँका विकासका मुद्दालाई स्थापित गराउने बताउँदै भण्डारीले आउने नेतृत्वलाई सहज हुने गरी आवश्यक सबै पूर्वाधार यही कार्यकालमा पूरा गर्ने बताउनुभयो।

# बागलुङका छ सिटमै गठबन्धनका उम्मेवार विजयी

पोखरापत्र संवाददाता
बागलुङ, ७ मंसिर

प्रतिनिधिसभा र प्रदेशसभातर्फ यहाँका छवटै सिटमा सत्ता गठबन्धनका उम्मेदवार विजयी बनेका छन्। एमालेका उम्मेदवारलाई पराजित गर्दै गठबन्धनका तर्फबाट नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र राष्ट्रिय जनमोर्चाका उम्मदेवारले जित निकालेका हुन्।

बागलुङ-१ मा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले २१ हजार चार सय ५१ मतसहित चौथोपटक संसद्‌को यात्रा तय गर्नुभएको हो। केसीले विसं २०५६ र २०६४ को निर्वाचन बागलुङबाटै जित्नुभएको थियो। विसं २०७० को निर्वाचनमा समानुपातिकतर्फबाट संसद्‌मा पुग्नुभएको थियो। अहिलेको निर्वाचनमा नेकपा (एमाले)का सूर्य पाठकलाई पराजित गर्दै केसी प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको हो। उहाँका निकटतम प्रतिस्पर्धी पाठकले १८ हजार आठ सय २५ मत प्राप्त गर्नुभयो। सो क्षेत्रमा नौ हजार एक सय ८१ मत ल्याएर राष्ट्रिय स्वतन्त्र पार्टीका खिमानन्द कँडेल तेस्रो स्थानमा सीमित हुनुभयो। बागलुङ-२ मा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री तथा नेकपा (माओवादी केन्द्र)का सचिव देवेन्द्र पौडेल विजयी हुनुभएको छ। पौडेलले चार हजार पाँच सय ९९ सय मतान्तरसहित नेकपा (एमाले) का मञ्जु शर्मा चालिसेलाई पराजित गर्नुभएको हो। पौडेलले २४ हजार सात सय ७९ र चालिसेले २० हजार एक सय ८० मत प्राप्त गरेको निर्वाचन अधिकृत बाबुराम पाण्डेले जानकारी दिनुभयो। पौडेल विसं २०७४ को चुनावमा पनि सोही क्षेत्रबाट निर्वाचित हुनुभएको थियो। प्रदेशसभातर्फ १ (१) मा नेपाली कांग्रेसका दीपेन्द्रबहादुर थापाले एमालेका हिराबहादुर केसीलाई पराजित गर्नुभयो। थापाले १३ हजार आठ सय ८४ मत ल्याउँदा केसीको १२ हजार चार सय पाँच मत आयो। विसं २०७४ को चुनावमा पराजित थापा गठबन्धनको जगमा यो चुनावको नतिजा आफ्नो पक्षमा पार्न सफल हुनुभएको हो।

१ (२) मा १३ हजार तीन सय २० मतसहित कांग्रेसका डिल्लीराम सुवेदी विजयी बन्नुभएको छ। कांग्रेसका कान्छा उम्मेदवारमध्येका सुवेदीले भारी मतान्तरसहित एमालेका नवराज पौडेललाई पराजित गर्नुभएको हो। पौडेलले सात हजार दुई सय ५३ मत ल्याउनुभयो। त्यस्तै निर्वाचन क्षेत्र नं २ (१) मा कांग्रेसका जित शेरचनले स्वतन्त्र उम्मेदवार प्रकाश घर्तीलाई पराजित गर्नुभयो। शेरचनले १५ हजार एक सय आठ मत ल्याउँदा घर्तीले १२ हजार आठ मत प्राप्त गर्नुभयो। शेरचन तेस्रोपटकमा प्रदेशसभामा पुग्न सफल हुनुभएको हो। विसं २०७४ र २०७६ को उपनिर्वाचनमा शेरचन पराजित हुनुभएको थियो।

निर्वाचन क्षेत्र नं २ (२) मा एमालेका लक्ष्मण पुनलाई पराजित गर्दै कांग्रेसका द्रोण कुँवर विजयी बन्नुभएको छ। कुँवरले १२ हजार चार सय आठ र पुनले आठ हजार छ सय ७१ मत प्राप्त गर्नुभयो। विसं २०७४ को चुनावमा तत्कालीन वाम गठबन्धनसँग जिल्लाका सबै क्षेत्रमा पराजित कांग्रेसले यसपटक प्रदेशसभाका चार वटै सिटमा जित निकाल्न सफल भएको छ। गठबन्धनमा आबद्ध माओवादी केन्द्र र राष्ट्रिय जनमोर्चा आफ्ना उम्मेदवारलाई प्रतिनिधिसभामा पठाउन सफल भएका छन्।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाह्री झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

**सम्पादकीय**

# छाडा बजार

प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको सेरोफेरोको केही दिन यता मात्र दैनिक अत्यावश्यकीय वस्तुको बजार भाउमा वृद्धि भएको छ । दैनिक जीवनयापनका निम्ति आवश्यक चामल, दाल, तरकारी, तेल आदिको भाउ बढेको छ। दशैं तिहार र छठको बेला बढेको भाउमा अझ थपेर निर्वाचनकै मुखमा भाउ बढेको छ। बजारमा सामानको भाउ किन बढ्यो भनेर सोढ्दा राष्ट्रिय र अन्तर्राष्ट्रिय कारण देखाउने गर्छन।चुनावको बेला कसैले बजार अनुगमन नगर्ने हुँदा वाह्य कारण देखाएर व्यापारीले आमउपभोक्ताको थाप्लामा थप भार बोकाएका छन् ।

निर्वाचनमा व्यस्त भएर भन्ने वाहना बनाए पनि स्थानीय सरकार र सरोकारवाला निकायको बजार भाउ बढेको बारे वेवास्ता गरे । चुनावमा चन्दा दिएको कारण पछिल्लो १५ दिनमा खानेतेलको भाउमा प्रति लिटर १० रुपियाँले वृद्धि भएको छ। चामलमा प्रति किलोग्राम चार रुपियाँ बढेको छ भने दाल, गेडागुडीमा समेत यही अनुपातले मूल्यमा बढोत्तरी भएको छ। घरायसी सामानको पनि भाउ बढेको छ । राजनीतिक दलले जनताको समस्या र जनजीवनका विषयमा मौन जस्तै देखिँदा ठूला दलप्रतिको आक्रोश मतमा प्रकट भएको छ।

निर्वाचनको मुखमा यसरी बजार भाउमा वृद्धिलाई पक्कै पनि स्वाभाविक विषय मान्न सकिँदैन । निर्वाचनअघि बढेको भाउ निर्वाचनपछि कम हुने चलन छैन । नियमनकारी सरकारी निकायलाई बजार अनुगमन गर्ने फर्सद छैन । खास गरी सरकारी कर्मचारी निर्वाचनको तयारी व्यस्त रहँदा व्यापारीहरूले मौकाको फाइदा उठाएर आफूखुसी बजार भाउ बढाएको पाइएको छ। कतै चन्दाको धन्दा त होइन भन्ने उपभोक्ताको गुनासोसमेत रहँदै आएको छ । जस्को चन्दा लियो उसैलाई सोध्ने सामर्थ्य नराख्ने दलका कारण जनता मारमा परेका हुन ।

राज्य जनताप्रति उत्तरदायी भएको भए बजार अराजक हुने थिएन । सरकारको मात्र मुख ताकेर हुँदैन। समाजप्रति सबैको केही न केही उत्तरदायित्व हुन् । यस अर्थमा समाजप्रति व्यापारीहरूको पनि उत्तरदायित्व हुन्छ । व्यापारीहरूले यस किसिमको सामाजिक उत्तरदायित्व बिर्सेर आमउपभोक्ताको शोषण गर्नुले उनीहरूको नैतिकतामाथि नै प्रश्नचिह्न उठेको छ। साथै उनीहरूको गैरजिम्मेवारीपन समेत प्रस्ट देखिएको छ। कतिपय कारणले अन्तर्राष्ट्रिय बजारमा समेत दैनिक उपभोग्य सामग्रीको भाउमा वृद्धि हुँदा नेपालमा बढ्नु स्वाभाविकै भए पनि बाह्य प्रभाव नहुँदा नेपाली बजारमा भाउ बढ्नु राम्रो मान्न सकिन्छ। यसमा व्यापारीहरूको निहित स्वार्थले काम गरिरहेको स्पष्ट हुन्छ। क्षणिक लाभ हेर्ने र मौका मिल्दा बिर्सनेलाई सधैं जिम्मेवारी दिनु राम्रो होइन ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# मुख्य सडक कालोपत्र गर्छौं : नवनिर्वाचित सांसद भण्डारी

**पोखरापत्र संवाददाता**
**दमौली, ७ मंसिर**

तनहुँ क्षेत्र नं २ का नवनिर्वाचित प्रतिनिधिसभा सदस्य शङ्कर भण्डारीले यो क्षेत्रमा रहेका मुख्य राजमार्ग पाँच वर्षभित्र कालोपत्र गर्ने बताउनुभएको छ।

तनहुँको भीमाद नगरपालिका-६ भीमाद बजारमा बुधबार आयोजित विजय जुलुसपछि आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै भण्डारीले यस क्षेत्रमा रहेका मुख्य मार्ग अझै पनि कच्ची रहेकाले पाँच वर्षभित्र यसलाई कालोपत्र गराउने बताउनुभएको हो।

फलफूल, अन्नबाली उत्पादनका लागि सिँचाइका नयाँ योजना सुरुआत गर्ने बताउँदै भण्डारीले भन्नुभयो, "चुनावमा जुन प्रतिबद्धता लिएर जनतामाझ पुगेका थियौँ, त्यसलाई पूरा गरेर छाड्छौं।"

विसं २०४६ को परिवर्तनपछि यस क्षेत्रमा जुन प्रकारले विकास हुनुपर्थ्यो त्यो नभएको भन्दै भण्डारीले विकास अभियान पूरा गर्न जनताले परिवर्तन चाहेको बताउनुभयो । "विसं २०४६ को परिवर्तनपछि यस क्षेत्रमा जुन प्रकारले विकास हुनुपर्थ्यो, त्यो हुन सकेको छैन। विसं २०४८ देखि निर्वाचित साथीहरुले जुन काम गर्नुपर्थ्यो त्यो नभएका कारण जनताले हाम्रो खोजी गर्नुभयो, जनताको विश्वासलाई खेर जान दिन्नौं", भण्डारीले भन्नुभयो।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य भण्डारीले कृषि क्षेत्रमा कुनै योजना नआएको भन्दै आधुनिक कृषि प्रणालीको विकास गर्ने उल्लेख गर्नुभयो। यस क्षेत्रमा भूमिहीन सुकुम्बासीको समस्या रहेकाले पाँच वर्षभित्र सुकुम्बासीको समस्या समाधान हुने दाबी गर्नुभयो । "पाँच वर्षभित्र सुकुम्बासीले लालपुर्जा पाउँछन्, अर्को चुनावमा भेट हुँदा यसको समस्याबारे सुन्न पर्दैन", भण्डारीले भन्नुभयो।

# उत्कृष्ट १६ करदाता सम्मानित

**रासस**
**काठमाडौं, ७ मंसिर**

आन्तरिक राजस्व विभागले उत्कृष्ट १६ करदातालाई सम्मानित गरेको छ। साताव्यापीरूपमा मनाइएको राष्ट्रिय कर दिवस २०७९ का अवसरमा विभागले उहाँहरूलाई सम्मानित गरेको हो।

विभागका अनुसार गत वर्षको उत्कृष्ट करदाताका रूपमा व्यक्तिगत आयकरतर्फ विजयकुमार शाह सम्मानित हुनुभएको छ । संस्थागततर्फ सबैभन्दा बढी आयकर नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले दाखिला गरेको विभागले जनाएको छ।

त्यस्तै, निर्यात कारोबारबाट बढी आयकर तिर्नेमा श्री शिव शक्ति घ्यु उद्योग प्रालि, विशेष उद्योगतर्फ राजेश मेटल क्राफ्ट प्रालि र कृषि एवं पशुपक्षीजन्य उद्योगमध्ये ओसिबी फुड्स एण्ड फिड्स प्रालिलाई सम्मानित गरिएको छ । बैंक तथा वित्तीय संस्थाको कारोबार गर्ने संस्थामध्ये नबिल बैंक लिमिटेड, बिमा व्यवसायमध्ये नेपाल पुनःबिमा कम्पनी लिमिटेड, स्वास्थ्य तथा शिक्षा सेवा प्रदायक संस्थामध्ये नोबेल मेडिकल कलेज टिचिङ हस्पिटल प्रालि र पर्यटन व्यवसायमध्ये मनकामना दर्शन प्रालिलाई सम्मानित गरिएको विभागले जनाएको छ।

त्यसैगरी वस्तु तथा व्यापारको कारोबारमध्ये हंसराज हुलासचन्द एण्ड कम्पनी लिमिटेड, मध्यमस्तरीय करदातामध्ये नेपाल धितोपत्र विनिमय बजार लिमिटेड, ऊर्जामूलक उद्योगमध्ये चिलिमे जलविद्युत् कम्पनी लिमिटेड, रेमिटेन्स तथा मनि ट्रान्सफरमध्ये आइएमई लिमिटेड र सबैभन्दा बढी कूल आन्तरिक राजस्व दाखिला गर्नेमा सूर्य नेपाल प्रालिलाई सम्मानित गरिएको हो।

विसं २०६७ देखि २०७९ असारसम्मको कर अवधिमा मूल्य अभिवृद्धि कर विवरण र सोबमोजिमको कर समयमै दाखिला गरी नियमित कर सहभागिता जनाएका करदातामध्ये सबैभन्दा बढी मूल्यअभिवृद्धि कर दाखिला गरेको कम्पनीका रूपमा गोर्खा ब्रुअरी प्रालिलाई सम्मानित गरिएको छ।

विभागले कर दिवसका अवसरमा १० जना कर्मचारीलाई पनि सम्मानित गरेको छ। आन्तरिक राजस्व विभागले हरेक वर्ष मङ्सिर १ गते राष्ट्रिय कर दिवस मनाउँदै आएको छ भने सोही दिन उत्कृष्ट करदातालाई पनि सम्मानित गर्दै आएको छ। यस वर्ष चुनाव आचारसंहिता लागू भएका कारण विभागले सम्मान वितरण कार्यक्रम आज राखेको हो । विभागअन्तर्गत ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, ४३ वटा आन्तरिक राजस्व कार्यालय र ३९ वटा करदाता कार्यालयसमेत गरी जम्मा ८४ वटा कार्यालय रहेका छन् । यस वर्षको कर दिवसको नारा 'स्वेच्छिक सहभागितासहितको फराकिलो कराधार : दिगो र उत्पादनमुखी अर्थतन्त्रको आधार' रहेको छ।

# कुलेखानीमा जिप दुर्घटना : एकको मृत्यु, छ घाइते

**रासस**
**हेटौंडा, ७ मंसिर**

हेटौँडा-कुलेखानी-काठमाडौं सडकखण्डको इन्द्रसरोबर गाउँपालिका-२ सल्लेरी खोल्चामा बुधबार दिउँसो २:४५ बजे वीरगञ्जबाट काठमाडौं जाँदै गरेको ना१ज ४४४६ नं को सुमो जिप ब्रेक फेल भएर सडकबाट करिब ५० मिटर तल खसेर दुर्घटना हुँदा घटनास्थलमा एक जनाको मृत्यु भएको छ।

इलाका प्रहरी कार्यालय भीमफेदीले दिएको जानकारीअनुसार चालकसहित सात जना यात्रा गरेकामा घाइते छ जनाको उपचारका लागि हेटौँडा अस्पतालमा ल्याइएको र गम्भीर पाँचको थप उपचारका लागि काठमाडौं लगिएको छ । सुमो चालकको हेटौँडा अस्पतालमा उपचार भइरहेको छ । मृतकको सनाखतको प्रयास भइरहेको प्रहरीले जनाएको छ।

# प्रधानमन्त्री देउवा डडेल्धुराबाट सातौँपटक विजयी

**रासस**
**काठमाडौं, ७ मंसिर**

डडेल्धुराबाट प्रतिनिधिसभा सदस्यका लागि प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले जित हासिल गर्नुभएको छ।

योसँगै उहाँ यही जिल्लाबाट प्रतिनिधिसभाका लागि सातौँपटक विजयी हुनुभएको हो। कुल ५१ हजार दुई सय तीन मतमा कांग्रेस सभापति देउवाले २५ हजार पाँच सय ३४ मत प्राप्त गरी विजयी हुनुभएको मुख्य निर्वाचन अधिकृत बालकृष्ण वाग्लेले जानकारी दिनुभयो । उहाँका प्रतिस्पर्धी स्वतन्त्र उम्मेदवार सागर ढकालले १३ हजार ४२ मत प्राप्त गर्नुभएको छ।

अर्का उम्मेदवार नेपाली कांग्रेस (विपी)का कर्णबहादुर मल्लले सात हजार पाँच सय ३५ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचनको कार्यालयले जनाएको छ । देउवा विसं २००३ जेठ ३१ गते डडेल्धुराको असिग्राम गाविस-५ मटेला, रुवाखोलामा जन्मिनुभएको हो । विसं २०१७ देखि राजनीतिमा लाग्नुभएका देउवा कांग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घको पहिलो निर्वाचित अध्यक्षसमेत हुनुहुन्छ।

विसं २०४८ को आमचुनावमा देउवा डडेल्धुराबाट विजयी हुनुभयो। देउवा २०५१ र २०५६ को संसदीय चुनाव, विसं २०६४ र २०७० को संविधानसभा चुनाव तथा २०७४ को संसदीय चुनावमा डडेल्धुराबाट विजयी हुनुभएको थियो।

यसपटक सातौँपटक पनि डडेल्धुराका मतदाता तथा अन्य साथीहरूको सहयोगमा जित हासिल भएको कांग्रेसका जिल्ला सचिव शेरबहादुर भण्डारीले जानकारी दिनुभयो।

# बागलुङका चारवटै प्रदेश क्षेत्रमा कांग्रेसका उम्मेदवार विजयी

**पोखरापत्र संवाददाता**
**बागलुङ, ७ मंसिर**

बागलुङका चारवटै प्रदेश क्षेत्रमा कांग्रेसका उम्मेदवार विजयी भएका छन् । अघिल्लोपटक बागलुङका सबै क्षेत्रमा क्लिन स्वीप भएको कांग्रेसले यसपटक एमालेलाई क्लिन स्वीप गरेको छ।

बागलुङ-१ (१) मा दीपेन्द्रबहादुर थापाले एमालेका हीराबहादुर केसीलाई एक हजार चार सय ७९ मतान्तरले पराजित गर्नुभएको छ। थापाले १३ हजार आठ सय ८४ मत ल्याउनुभएको छ भने केसीले १२ हजार चार सय पाँच मत ल्याउनुभएको छ।

बागलुङ-१ (२) मा कांग्रेसका डिल्लीराम सुवेदी विजयी हुनुभएको छ। सुवेदीले एमालेका नवराज पौडेललाई छ हजार ७५ मतान्तरले पराजित गर्नुभएको छ। सुवेदीले १३ हजार तीन सय २७ ल्याउँदा पौडेलले सात हजार दुई सय ५२ मत ल्याउनुभएको छ । पौडेल स्थानीय तहको निर्वाचनमा कांग्रेस परित्याग गरी एमालेमा प्रवेश गर्नुभएको थियो। उहाँ कांग्रेस बागलुङको निवर्तमान सचिवसमेत हुनुहुन्थ्यो।बागलुङ-२ (१) मा कांग्रेस बागलुङका अध्यक्ष जितबहादुर शेरचन विजयी हुनुभएको छ। शेरचनले एमालेका साथ पाएका स्वतन्त्र उम्मेदवार प्रकाश घर्तीमगरलाई तीन हजार एक सय मतान्तरले पराजित गर्नुभएको हो। शेरचनले १५ हजार एक सय आठ मत ल्याउँदा घर्तीले १२ हजार आठ मत प्राप्त गर्नुभयो । घर्ती स्थानीय तहको निर्वाचनमा माओवादीकेन्द्रले टिकटनदिएपछि ताराखोला गाउँपालिकामा स्वतन्त्र उम्मेदवारसमेत बन्नुभएको थियो।

बागलुङ-२(२) मा कांग्रेसकै दोर्णकुमार कुँवर विजयी हुनुभएको छ। कुँवरले एमालेका लक्ष्मण पुनलाई तीन हजार सात सय ३७ मतान्तरले पराजित गर्नुभएको हो। कुँवरले १२ हजार चार सय आठ मत ल्याउँदा पुनले आठ हजार छ सय ७१ मत ल्याउनुभएको छ।

# तनहुँ २ (१) मा एमालेका महत विजयी

**पोखरापत्र संवाददाता**
**दमौली, ७ मंसिर**

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन २०७९ अन्तर्गत तनहुँ-२ (१) मा नेकपा (एमाले)का श्यामराजा महत निर्वाचित हुनुभएको छ।

बुधबार बिहान सार्वजनिक मतपरिणामअनुसार प्रतिस्पर्धीभन्दा एक हजार सात सय ७२ बढी मत प्राप्त गरी महत प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएको हो।

महतले १५ हजार छ सय ५३ मत प्राप्त गर्नुभएको तनहुँ क्षेत्र नं २ का निर्वाचन अधिकृत गोविन्द उपाध्यायले जानकारी दिनुभयो । प्रतिस्पर्धी वाम-लोकतान्त्रिक गठबन्धनबाट नेकपा (माओवादी केन्द्र) का राजेन्द्रकेशरी न्यौपानेले १३ हजार आठ सय ८१ मत प्राप्त गर्नुभयो । उक्त प्रदेशमा ३७ हजार सात सय ९४ मत खसेको थियो। यो प्रदेशमा व्यास नगरपालिका-५ र ६, म्याग्दे गाउँपालिका तथा शुक्लागण्डकी नगरपालिका पर्दछ। विसं २०३४ मा कम्युनिष्ट पार्टीको सदस्यता लिनुभएका महतले विसं २०४४ मा भएको उपनिर्वाचनमा नै राष्ट्रिय पञ्चायत सदस्यमा चुनावमा पराजय भोग्नुभएको थियो। महत विसं २०५४ देखि २०५९ सम्म नगरोन्मुख नमूना ढोरफिर्दी गाविसको अध्यक्ष बनेर काम गर्नुभएको थियो । नेकपा माले, मानन्धर समूह हुँदै चारपटक जिल्ला कमिटी सदस्य बन्नुभएका महत विसं २०४९ मा जिल्ला विकास समिति सदस्यमा निर्वाचित हुनुभएको थियो । महतले पर्यटकीय सहर पोखरासँग जोडिएको यस क्षेत्रलाई भौतिक पूर्वाधारसँगै सांस्कृतिक सहरका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

# समानुपातिकतर्फ एमाले अगाडि

**रासस**
**काठमाडौं, ७ मंसिर**

प्रतिनिधिसभाको समानुपातिकतर्फ नेकपा (एमाले) को अग्रता देखिएको छ। आज अपराह्न ५:३० बजेसम्म निर्वाचन आयोगको प्रणालीमा प्रविष्ट तथ्याङ्कअनुसार एमालेले दुई लाख ५४ हजार दुई मत प्राप्त गरेको छ।

नेपाली कांग्रेसले दुई लाख ३० हजार तीन सय७०, राष्ट्रिय स्वतन्त्र पार्टी नेपालले एक लाख २० हजार चार सय १७, नेकपा (माओवादी केन्द्र) ले एक लाख पाँच हजार एक सय ९१, राष्ट्रिय प्रजातन्त्र पार्टीले ६२ हजार एक सय ५१, नेपाल मजदुर किसान पार्टीले २० हजार एक सय ५७, जनता समाजवादी पार्टी नेपालले १९ हजार आठ सय ५०, जनमत पार्टीले १८ हजार ४७, नागरिक उन्मुक्ति पार्टीले १२ हजार छ सय २७ र नेकपा (एकीकृत समाजवादी) पार्टीले १४ हजार पाँच सय आठ मत प्राप्त गरेको छ । प्रदेशसभाको समानुपातिकतर्फ प्रदेश १ मा एमालेले ६३ हजार आठ सय ४०, कांग्रेसले ५७ हजार दुई सय ६२, माओवादी केन्द्रले २४ हजार दुई सय ९१, राष्ट्रिय प्रजातन्त्र पार्टीले १९ हजार चार सय ८४ र जनता समाजवादी पार्टी, नेपालले नौ हजार तीन सय २९ मत प्राप्त गरेका छन् ।

मधेस प्रदेशमा कांग्रेसले १५ हजार सात सय २९, एमालेले १३ हजार नौ सय ५८, जनमत पार्टीले ११ हजार नौ सय १७, जनता समाजवादी पार्टी नेपालले छ हजार नौ सय १३ र माओवादी केन्द्रले चार हजार आठ सय नौ मत प्राप्त गरेको छ।

बागमती प्रदेशमा एमालेले ३२ हजार तीन सय ५२, कांग्रेसले ३० हजार तीन सय छ, राष्ट्रिय प्रजातन्त्र पार्टीले १७ हजार सात सय ८१, माओवादी केन्द्रले १५ हजार छ सय ११ र नेपाल मजदुर किसान पार्टीले १५ हजार दुई सय ५५ मत प्राप्त गरेका छन् । गण्डकीमा एमालेले ६६ हजार चार सय७०, कांग्रेसले ५२ हजार चार सय ७०, माओवादी केन्द्रले २३ हजार एक सय ५२, राष्ट्रिय प्रजातन्त्र पार्टीले १२ हजार दुई सय ६७ र नेकपा (एकीकृत समाजवादी) पाँच हजार तीन सय ४० मत प्राप्त गरेको छ।

लुम्बिनी प्रदेशमा एमालेले ८२ हजार तीन सय ७३, कांग्रेसले ६५ हजार छ सय ३१, माओवादी केन्द्रले २२ हजार छ सय ७०, राप्रपाले १७ हजार दुई सय ४४, नागरिक उन्मुक्ति पार्टीले सात हजार चार सय ६५ मत प्राप्त गरेको छ।

कर्णालीमा माओवादीले छ हजार आठ सय ५१, एमालेले तीन हजार चार सय ५३, कांग्रेसले दुई हजार दुई सय ६६, राप्रपाले पाँच सय ५९ र नेपाल मजदुर किसान पार्टी पाँच सय ३५ मत प्राप्त गरेको छ । सुदूरपश्चिम प्रदेशसभाको समानुपातिकतर्फको मत आयोगको प्रणालीमा प्रविष्ट हुन सकेको छैन।

# अनेक रुपका बदर मत !

-तारानाथ आचार्य
बागलुङ, ७ मंसिर (रासस)

सानो मत पत्र, चुनाव चिह्न थोरै । एउटा मत पत्रमा एक सङ्केत मात्रै गरे पुग्ने । स्थानीय तहको सक्रियतामा घरघरमा स्वयंसेविका खटाएर दिइएको मतदाता शिक्षा । उम्मेदवार तथा दलहरूले आ-आफ्नो चिह्नमा मत राख्नका लागि सञ्चालन गरेको मतदाता शिक्षा ।

मतदानको दुई दिन पहिलेसम्मका यी सबै क्रियाकलाप हेर्दा लाग्थ्यो- यो पटक बदर मत निकै कम आउँछ। स्थानीय निर्वाचनमा बदर मत धेरै देखिएपछि यसपटक मतदाता शिक्षा पनि दिइएको हो । महिला स्वास्थय स्वयंसेविकालाई खटाएर पनि यस्तो शिक्षा दिइयो भने अर्कातर्फ राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूले पनि घरघर पुग्ने अभियानमा पनि मत हाल्न सिकाएकै थिए । तर शिक्षा र सचेतनाको कमी भनौँ या दल या उम्मेदवारहरूप्रतिको वितृष्ण । धेरै र अनेक तरहका बदर मत भेटिएका छन् बागलुङमा ।

मतगणना जारी रहेको बागलुङ क्षेत्र नं १ प्रतिनिधिसभामा छवटा चुनाव चिह्न छन् । मत सङ्केत गर्न निकै सहज मतपत्र हुँदाहुँदै पनि मतदाताले भने एउटा मात्रै मतपत्रमा स्वस्तिक छाप लगाउनुपर्नेमा छवटै चिह्नमा छाप लगाएका छन् । यस्तो बदर मतको सङ्ख्या गन्ने हो भने उल्लेख्य छ । मत पत्रमा रहेका कुनै पनि चिह्नमा छाप नलगाएका मतपत्रको सङ्ख्यामा पनि कमी छैन । नेपालको संविधानले नो-भोटको व्यवस्था गरेको छैन । त्यसैले मतपत्रमा नो भोटको विकल्प राखिएको छैन । सायद यसैको प्रतिफल पो हो कि ? मानिसहरूले नो भोटको स्वरूपमा मत बदर गराइरहेको देखिँदैछ । केही बदर भएका मतपत्र यस्ता छन् जहाँ नो भोट लेखेर छाप नलगाई छोडेको पाइयो । बागलुङ क्षेत्र नं १ मा १४ हजार एक हजार २३ मतगणना हुँदा चार सय ५९ मत बदर भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयको सूचनामा उल्लेख छ । बदर मतमध्ये अधिकांश जानीबुझी बदर बनाइएका मत छन् भन्ने स्पष्ट देखिने गणनामा बसिरहेका अधिकारीहरू बताउँछन् । "कैयौँ मत खाली छन्, सायदै कसैले नजानेर खाली खसालेको होस्", मतगणनामा सहभागी एक कर्मचारीले भने, "कतिपय मतपत्रमा नो भोट लेखेको भेटेका छौँ भने कुनै मतपत्रमा चाहिँ सबै चिह्नमा छाप लगाइएको पनि छ", दलहरू तथा उम्मेद्वार हरूप्रतिको वितृष्णा मतदाताले मतपत्रमा पोखेको भेटेको ती कर्मचारीले बताए । बागलुङ क्षेत्र नं १ प्रदेशसभा (१)मा १५ हजार नौ सय तीन मतगणना हुँदा तीन सय ५२ र प्रदेशसभा (२)मा १५ हजार एक सय ६५ मतगणना हुँदा तीन सय ९१ मत बदर भएका छन् ।

"वृद्धवृद्धा र अशक्तहरूका मत वारेसमार्फत खसेका हुन्, एकाघरको व्यक्तिलाई वारेस बस्न दिइएकाले बदर कम हुनुपर्ने हो", नेकपा एमालेका जिल्ला कमिटी सचिवालय सदस्य खगेन्द्र पौडेलले भन्नुभयो, "सबै चिह्नमा लगाउने, खाली मत खसाल्ने गतिविधि नजानेरभन्दा जानेरै गरेको हुनुपर्छ ।" दलहरूले बदर मत, विगतका निर्वाचनमा भन्दा फरक नतिजा आउनेगरी खसेको मत र मत जाहेर गर्दा मतदातामा देखिएको वितृष्णा किन उत्पन्न भइरहेको छ भन्ने विषयको अब खोजी हुनुपर्ने बागलुङ नगरपालिका-२ का युवा मनिष रायमाझी बताउनुहुन्छ । "'एक मतदाताले भने मैले मत दिएँ तर मन लागेर दिएको होइन । आफ्नो अधिकार प्रयोग गरौँ भनेर गएँ तर सबैमा लगाइदिएँ", बागलुङ नगरपालिका-२ का एक मतदाताले भने, "निर्वाचन हारजितको खेल मात्रै भयो, जितेकाले जनतालाई फर्केर हेरेनन्, न त उनीहरू चुनाव जितेर गएपछि जनताका दुःख के छन् भनेर हाम्रो घरमा फर्केर आए, त्यसैले मलाई मत दिनै मन लागने ।" स्थानीय तहको निर्वाचनको समयमा एउटै मतपत्रमा धेरै ठाउँमा छाप लगाउनुपर्थ्यो त्यसैले भूलवस या नजानेर पनि मत बदर हुने सम्भवान धेरै थियो । तर अहिले त्यस्तो छैन । सानो मतपत्र, थोरै उम्मेदवार र स्पष्ट र थोरै चिन्हहरू । तर पनि यो निर्वाचनमा बदर मत धेरै अनि विभिन्न स्वरुप र तरहमा आएका छन् । त्यसैले आगामी निर्वाचनहरूमा समृद्ध व्यक्ति र निकायले यस विषयमा सोचविरचार गर्नुपर्ने देखिन्छ ।



पोखरा अन्तरर्राष्ट्रिय विमानस्थलको प्रवेश मार्गमा लागेको अलकत्रा सफा गर्दै कामदार ।
तस्बिरः जमुनावर्षा शर्मा/रासस

# लमजुङमा एमालेको अग्रता बढ्दै

पोखरापत्र संवाददाता
लमजुङ, ७ मंसिर

पहाडी जिल्ला लमजुङको प्रतिनिधिसभा सदस्यतर्फ नेकपा (एमाले)का उपमहासचिव पृथ्वीसुब्बा गुरुङको अग्रता बढ्दै गएको छ ।

यसअघि ३०८ मतले मात्र अघि रहेकोमा पछिल्लो सार्वजनिक मत परिणामअनुसार एक हजार पाँच सय २० मतले उहाँ अघि रहनुभएको जिल्ला निर्वाचन कार्यालय प्रमुख नारायणप्रसाद सापकोटाले बताउनुभयो । कार्यालयका अनुसार आज साँझ साढे सात बजेसम्ममा ६१ हजार एक सय छ मत गणना गर्दा पृथ्वीसुब्बाले २६ हजार दुई सय २८ मत र नेकपा (माओवादी केन्द्र) का महासचिव देवप्रसाद गुरुङले २४ हजार सात सय आठ मत प्राप्त गर्नुभएको छ । कूल एक लाख ३३ हजार पाँच सय ५९ मतदातामध्ये ८० हजार चार सय ८४ मत खसेको निर्वाचन कार्यालयले जनाएको छ । आइतबार दिउँसो पौने तीन बजेदेखि सुरु गरिएको मतगणनामा हालसम्म पृथ्वीसुब्बालाई देवप्रसादले भेटाउन सक्नुभएको छैन । जिल्लामा आठ पालिकामध्ये छ पालिकामा मग गणना सम्पन्न भइसकेको छ । यतिबेला मर्स्याङ्दी गाउँपालिका र बेँसीसहर नगरपालिकाको मत गणना भइरहेको छ ।

# कास्की-३ प्रदेशसभा १ मा एमालेका गुरुङ विजयी

पोखरापत्र संवाददाता
पोखरा, ७ मंसिर

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन-२०७९ अन्तर्गत कास्की निर्वाचन क्षेत्र नं ३ प्रदेशसभा १ मा नेकपा (एमाले) का उम्मेदवार गणेशमान गुरुङ विजयी हुनुभएको छ ।

पोखरा ७ स्थित उपत्यका नगरविकास समितिको हलमा आज सम्पन्न मतगणनामा गुरुङले १४ हजार चार सय ७३ मत ल्याएर गण्डकी प्रदेशसभामा विजयी हुनुभएको हो । उहाँका निकटतम प्रतिद्वन्द्वी नेकपा (माओवादी केन्द्र)का दुर्गादत्त भण्डारीले नौ हजार छ सय ६२ मत ल्याउनुभयो । राष्ट्रिय प्रजातन्त्र पार्टीका केदारनाथ पौडेलले तीन हजार छ सय ९७ र हाम्रो नेपाली पार्टीका खिमप्रसाद तिमिल्सिनाले



दुई हजार पाँच सय १५ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

यसैगरी मङ्गोल नेशनल अर्गनाइजेशनका जीवनबहादुर गुरुङले चार सय ५४, आमूल परिवर्तन मसिहा पार्टी नेपालका मोतिलाल परियारले एक सय ६८, स्वतन्त्र उम्मेदवार कोमलप्रसाद शर्मा दुई सय २७ मत ल्याउनुभएको छ । यस क्षेत्रमा प्रतिनिधिसभाको मत गणना जारी छ । पछिल्लो गणनाअनुसार प्रतिनिधिसभामा नेकपा(एमाले) का दामोदर पौडेल बैरागीले अग्रता बनाउनुभएको छ ।

# गोरखा-२(२) मा नेपाली कांग्रेसका पाण्डे र १(२) न्यौपाने विजयी

पोखरापत्र संवाददाता
गोरखा, ७ मंसिर

गोरखा-२(२) मा वाम-लोकतान्त्रिक गठबन्धनका उम्मेदवार नेपाली कांग्रेसका सुरेन्द्रराज पाण्डे विजयी हुनुभएको छ ।

बुधबार बिहान सम्पन्न मतगणनामा पाण्डेले १६ हजार आठ सय ८२ मत ल्याएर विजयी हुनुभएको हो । उहाँका निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले)का वसन्त गुरुङले पाँच हजार तीन सय ६० मत प्राप्त गर्नुभएको छ । पाण्डे ११ हजार पाँच सय २२ मतको फराकिलो अन्तरले विजयी हुन सफल हुनुभएको हो । विजयको औपचारिक घोषणा हुन भने बाँकी रहेको सहायक निर्वाचन अधिकृत शिव रेग्मीले जानकारी दिनुभयो । सो क्षेत्रमा कुल २७ हजार चार सय ३० मत खसेको थियो । यसैगरी गोरखा-१(२) मा नेपाली कांग्रेसका नन्दप्रसाद न्यौपाने विजयी हुनुभएको छ । बुधबार बिहान सम्पन्न भएको मतगणनामा न्यौपाने १६ हजार दुई सय ६१ मत ल्याएर विजयी हुनुभएको सहायक निर्वाचन अधिकृत गोर्कणराज पन्तले जानकारी दिनुभयो ।

उहाँका निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उम्मेदवार मोहनप्रसाद भट्टराईले सात हजार पाँच सय ३३ मत प्राप्त गर्नुभएको छ । न्यौपानेले आठ हजार सात सय २८ मतको मतान्तरले निर्वाचन जित्न सफल हुनुभएको हो । उहाँ वाम-लोकतान्त्रिक गठबन्धनका तर्फबाट उम्मेदवार हुनुहुन्थ्यो । न्यौपाने नेपाली कांग्रेस गोरखाको सभापतिसमेत हुनुहुन्छ ।

# गुल्मीको सत्यवतीमा जिप दुर्घटना, पाँच जनाको मृत्यु

रासस
गुल्मी, ७ मंसिर

गुल्मीको सत्यवती गाउँपालिकामा जिप दुर्घटना हुँदा पाँच जनाको ज्यान गएको छ । दुर्घटनामा चार जना घाइते भएका छन् ।

गए राति गुल्मीको रिडीबाट सत्यवती गाउँपालिका-३ तर्फ जाँदै गरेको लु२च ५३४० नंको जिप कुटडाँडा भन्ने स्थानमा दुर्घटना भाएको हो । दुर्घटनामा परी सत्यवती गाउँपालिका-३ का ५१ वर्षीय झलक सोमै, ५५ वर्षीया टीका राहडी, ४७ वर्षीय रनबहादुर सिंजापती, ३० वर्षीय मिलन तरामु र ४३ वर्षीया जमुना सोमै रहेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायब उपरीक्षक माधवराज खरेलले जानकारी दिनुभएको छ ।

जिप दुर्घटनामा परी घाइते हुनेमा सोही ठाउँका कार्बोलिन सोमै, चेतमान सिंजाली, गीरबहादुर राहडी र खण्डन सोमै हुनुहुन्छ ।

दुर्घटना भएको जानकारी पाएपछि स्थानीयले उद्धार गरेका थिए । घाइतेलाई अहिले उपचारका लागि पाल्पातर्फ लगिँदै छ । घटनाको जानकारी पाएपछि रिडी र जोहाङबाट प्रहरी टोली घटनास्थल पुगेको थियो । गए राति २:३० बजेको समयमा ब्रेक फेल भई दुर्घटना भएको प्रहरीले जनाएको छ ।


**Government of Nepal (GoN)**
**Ministry of Agriculture and Livestock Development**
**Department of Livestock Services**

**National Livestock Breeding Office, Pokhara**

**Lamapatan, Pokhara, Kaski**

**Date of publication: 24 November 2022**

**IFB No. NLBO/2079-80/6**

1. ***The National Livestock Breeding Office (NLBO) Pokhara*** invites electronic bids from eligible bidders for the procurement, supply and delivery of Feed Ingredients for feed mill, at time (from 2079/10/01 to 2080/09/30 BS as per the requirement), place (NLBO, Pokhara) and quantity as specified by NLBO under National Competitive Bidding procedures. The name and identification of the contract are as follows:

| Contract ID No. | Name of Procurement | Estimated Cost NRs. Without VAT | Bid Security NRs | Document Fee NRs |
|---|---|---|---|---|
| NLBO/G/NCB/ 2079-80/10 | Supply and Delivery of Feed Ingredients | 1,99,48,620.00 | 5,00,000/- | 3,000/- |

2. Eligible bidders may obtain further information at the office of NLBO, Pokhara, Tel 061-505389 and email ***nlbc.pokhara@gmail.com*** of this office.
3. Bidding Documents may be purchased electronically for e-submission from e-GP system *http://www.bolpatra.gov.np/egp/* upon payment of a non-refundable fee on or before **23 December 2022** and submit their bid electronically.
4. ***Information to deposit the cost of bidding document in Bank:***
   Name of the Bank: Rastriya Banijya Bank — Account No. 1000200010000
   Office Code no.: 312023902 — Revenue Code No.: 14229
5. Bids must be submitted electronically on or before 12:00 Noon on **25 December 2022.** Documents received after this deadline shall not be accepted.
6. Pre-bid meeting shall be held at NLBO at 12:00 PM on **6 December 2022.**
7. Bids shall be opened in the presence of bidder's representatives who choose to attend **2:00 PM** On **25 December 2022** at the office of **NLBO, Pokhara.** Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security as mentioned above which shall be valid for minimum 30 days beyond the bid validity period i.e., total of 120 days from the day of bid opening.
8. If the Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in **Deposit Account No.:** 3020100102030000 of Treasury and Account Controller office, Kaski (Ko. Le. Ni. Ka. Kaski) **at Rastriya Banijya Bank, Pokhara** and submit the receipt of the deposited amount of cash along with the bid.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid security validity shall be recognized with effect from the original bid submission deadline.
10. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063, Public Procurement Regulations-2064 and their amendments.
11. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.